**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

# पूर्वखोला गाउँपालिका
# गाउँ कार्यपालिकको कार्यालय
# पूर्वखोला, पाल्पा

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

सूचना सार्वजानिक गर्ने निकायः पूर्वखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, पूर्वखोला, पाल्पा
सूचनाको अवधि: २०८२ माघ १ गते देखि २०८२ चैत्र मसान्त सम्म

## १ पाल्पा पूर्वखोला गाउँपालिकाको संक्षिप्त परिचय

पूर्वखोला गाउँपालिका पाल्पा जिल्ला, प्रदेश नं. ५ नेपालमा अवस्थित छ।यसको नामकरण प्राकृतिक जलस्रोत पूर्वखोलाको नाममा भएको छ।यसको उद्गम देवीनगरको लेमधेम देखि भएको छ।जसको जलाधार क्षेत्र देवीनगर, ताहुँ, वीरकोट, जल्पा, रिङ्गनेरह र सिलुवाको केही भाग पर्दछ।पूर्वखोलाको जलसीमा लाम्दी दोभान, सिसिङगा, अर्चले निस्दी सम्म पर्दछ।

यो गाउँपालिका १३८.०५ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ। यसको जनसंख्या २०७८ को जनगणना अनुसार १६०५२ रहेको छ।यस गाउँपालिकाको केन्द्र साविक रिङ्गनेरहको दारिम चौरमा रहेको छ। यो गाउँपालिका पूर्ण खोप, पूर्ण साक्षर, पूर्ण संस्थागत सुत्केरी, खुल्ला दिसामुक्त घोषित गाउँपालिका हो।यहाँ एक कलेज सहित अन्य ३८ शिक्षण संस्था एवं एक कृषि प्राविधिक विद्यालय रहेको छ।

यसको पूर्वमा निस्दी गाउँपालिका उत्तरमा रामपुर नगरपालिका पश्चिममा रम्भा गाउँपालिका र दक्षिणमा माथागढ़ी गाउँपालिका पर्दछन्।साविकको सिलुवा, जल्पा, रिङ्गनेरह, देवीनगर, वीरकोट र हेक्लाङ्ग समेत  छ वटा वडाहरु मिलेर यसको संरचना भएको हो।

यसको सबैभन्दा होचों भू-भाग वडा नं. १ सिलुवाको पाङ्गलुङ्ग फेदी समुन्द्री सतहबाट ४५० मिटर र अग्लो भू-भाग  हात्तीलेक १७६८ मिटर रहेको छ। भौगोलिक विविधताको आधारमा यहाँको हावापानी जाडो गर्मी पनि विविधता रहेको छ।यो विशिष्ट वनक्षेत्र रहेको पालिका हो। यहाँको अधिकांश आवाद क्षेत्र पाखो र केही क्षेत्र गह्रो रहेको छ।समुदायका प्राय सबै परिवार सगँ थोरै धेरै खेती योग्य जमिन रहेको पाईन्छ। बहु संख्यक मगर समुदायको बसोबास रहेको यस गाउँपालिकामा ब्राम्हण, क्षेत्री, नेवार, कामी, दमै, सार्की आदि जात जातीका मानिसहरु साम्प्रदायिक सद्भभावका साथमा परम्परागत रुपमा बसोबास गर्दै आएका छन्।यहाँ धर्म संस्कृति रीति रिवाज आदिको विविधता रहेको छ।यहाँका धार्मिक स्थलहरुमा सिलुवाको रुदेमण्डली, चुरा बराजु,  जल्पाको लक्ष्मीनारायण मन्दिर, रिङ्गनेरहको शिव दुर्गामन्दिर, देवीनगरको भानुमाता, वीरकोटको –मौला कालिका, अकला देवी, हेक्लाङको , वराहथान विशिष्ट धार्मिक पहिचान भएका स्थलहरु हुन्।

यहाँको आय आर्जनको मुख्य पेशा कृषि र पशुपालन हो।यसका अतिरिक्त ब्यापार व्यवसाय, जागिर, वैदेशिक रोजगारी, लघु उधोग आदि आय आर्जनका स्रोत हुन्।हात्तीलेक र पूर्वखोला यस गाउँपालिकाका मुख्य प्राकृतिक सम्पदा हुन्।यहाँ तामा, शिशा, चुन ढुंगाको खनिज सम्पदाको सम्भावना रहेको छ।

यहाँ सबै वडाहरुमा स्वास्थ्य सेवा केन्द्रहरु रहेका छन्।यसका अतिरिक्त अहर निश सुरक्षित सुत्केरी सेवा, गर्भपरीक्षण वृद्ध वृद्धाङगना , घर दैलो स्वास्थ्य सेवा, स्वास्थ्य जागरण आदि विविध स्वास्थ्य सेवा, स्वास्थ्य क्लिनिक सञ्चालित छन्।

**उत्पादन** – पूर्वखोला गाउँपालिका अन्तर्गत खाद्यान्न नगदे वाली – अदुवा, उँखु, तरकारी, अम्रिसो, तेजपात, टिमुर पर्दछन् ।यहाँको मुख्य बाली धान, मकै, कोदो, गहुँ, जौ, फापर, तेलहन आदि हुन्।

**लेक-** हात्तीलेक नाङ्गे लेक , सिद्ध लेक, माझी लेक, बूढीलेक आदि लेकहरु यहाँ अवस्थित छन्।

**चुली-** पूर्वखोला गाउँपालिका अन्तरगत टीका चुली जल्पा मैदान, चुलीडाँडा, ढोलीमारा दर्शनीय छन्।

**गढ़ी-** यस गाउँपालिका आन्तर्गत बाकुमगढ़ी हेक्लाङ्ग ऐतिहासिक गढ़ीको रुपमा परिचित छ।

**भङ्ज्याङ्ग** -   दार्सिङ् भङज्याङ्ग, पड्के भङज्याङ्ग, सिलुवा भङज्याग, खिर्रा भङज्याङ्ग, ढाक्रेवास भङ्ज्याङ्ग, राँके भङ्ज्याङ्ग, खल्लुक भङ्ज्याङ्ग, झेमराङ्ग भङ्ज्याङ्ग, लाकुरी भङ्ज्याङ्ग, किरिभङ्ज्याङ्ग, शिखर भङ्ज्याङ्ग, सबै पूर्वखोला गाउँपालिका अन्तर गत पर्दछन्।

**खोला-** पूर्वखोला, कोयल्दी खोला, रकम खोला, झम्मा खोला, खान्टूङ्ग खोला, सिमल्दी खोला, मर्स्याङ्दी  खोला, मन्टुसा  खोला, गरङ्गा खोला, रिङ्दी खोला, करादी खोला आदि । यसका मुख्य खोला हुन्।

**सुरुङ** – देवीथाम  सुरुङ, स्वरलौटा हात्तीलेक, समी चौपारी – आफर डाँडा विरकोट।

**ओडार-** घिचिङ्ग ओडार, सिलुवा।

सबै वडाहरुमा सामुदायिक वनको अवस्था सन्तोष जनक रहेको छ।

यसैगरी सबै वडाहरुमा स्वास्थ्य स्वयं सेविकाहरुको सहभागितामा स्वास्थ्य स्वयं सेवाको सन्तोष जनक अवस्था रहेको छ।

**वाडागत विशेषता –**

**वडा नं. १ सिलुवा**

पूर्वखोला गाउँपालिका अन्तर्गत साविकका सिलुवा गाउँ विकास समिति (गा.वि.स.) वडा नं. १ पर्दछ। यहाँ विकासका पूर्वाधार – बाटो, विजुली, स्वास्थ्य र शिक्षा प्राय: सबै टोलहरुमा कतै पुगेको, पुग्दै गरेको, पुग्ने योजनामा रहेको बुझिन्छ।यहाँ अदुवा खेती र बाख्रापालन दुवै व्यवसायिक रुपमा संचालित छन्। सनोगल्धा, लोस्दी, बहिछाप, मनहरी , मौलाथर, तल्लोथर, खुम्रीडाँडा , वासुधा मुन्डुङ , पड्के भन्ज्याङ, पाङलुङ, करङवन, डूमरे, तामकोट, मस्लाङ्ग, श्री डाँडा , माझकोट, गुनडाँडा, दार्सिङ्ग भन्ज्याङ, रोमन्दी, तालखोला, कोक्सेङदी, बुढाथोकी, गसुवा, रेचे, सामुङ्गा, छिस, नाथेपुर, तामाखानी, ताल्तुङ्ग, मोती रह, ढाक्रेवास, अल्कीचौर, कर्चिस, पोखर डाँडा यहाँका मुख्य टोल वस्ती हुन्।

**वडा नं. २ जल्पा**

यहाँको पूर्वाधार विकासका आधारहरु बाटो, बिजुली, स्वास्थ्य, शिक्षा, खानेपानी, सिंचाई, प्राय: सबै टोलहरुमा पुग्ने गरी परिचालित छन्।यहाँ तरकारी, अम्रिसो, फलफूल मुख्य आयार्जनका मुख्य व्यवसाय हुन्।यहाँका मुख्य टोलवस्तीहरुमा साठिकोल थाङसिङखरक, सिकलीस, धुसेनी, मैदान, ढोलीमारा, साकिने, आर्गीडाँडा, वापन, झेरुदी, मुढेखरक, छाब्दी, राक्से, दद्रा, ज्ञानीचौर, लाबे, बासँटारी , वरेक्दी, ढाँड, खैरेनीहरु पर्दछन्।

**वडा नं. ३ रिङ्गनेरह:**

रिङ्गनेरह पूर्वखोला गाउँपालिकाको हालको केन्द्र हो।यो वडा धान, मकै खेतीका लागि उपयुक्त क्षेत्र हो।पूर्वखोला फाँटका खेतहरु निकै उर्वराशक्ति भएका उत्पादनशील छन्।यहाँबाट केही हदसम्म स्थानीय खाद्यान्न आवश्यकता पूरा हुने गरेको छ।यहाँका टोल वस्तीहरुमा तल्लो फाँट, थाम डाँडा, अतिनडाँडा, वाहुनडाँडा, वेसिवारी, विर्ताबजार, विरुवा पचासे, द्वारीगौडा, कलौली, सातविसे, आठबिसे, खाक्सी, भालुकुना, गाहाडाँडा, देउराली मन्दिर डाँडा, रोङढेङ, अर्खलडाँडा, कोरङगा, कोलडाँडा आदि मुख्य हुन्।

**वडा नं. ४ देवीनगर:**

यस वडाको नाम भानुमाता देवीका नाममा राखिएको हो। यहाँ धान मकैका अतिरिक्त फलफूल, तरकारी खेती विशेष हो। यहाँ कोयला खानी जस्तो खनिज पदार्थ उपलब्ध छ।यहाँका टोल वस्तीहरुमा ढापखोला, केरौली, काफलडाँडा, मुन्टूङ्, वेसर्घा, लेमधेम, महकाल, वलिपोखरा, सिमल्दी, चेवा, चिर्तुङ, मङ्गला पर्दछन्।

**वडा नं. ५ वीरकोट:**

यस वडाको नाम तत्कालीन सेनवंशी वीरहरुले गरङ्गकोट हान्नुअघि यहाँ मौलाकालिकाको शिला स्थापना गरी कोट (वली पूजा) दिएर अघि बढेको ठाउँ वीरकोत नाम रहन गएको चर्चा सुनिन्छ।

यहाँ अदुवा, फलफूल खेती र बाख्रा पालन विशेष व्यवसायिक रुपमा गरिन्छ।मकै, कोदो, धान यहाँको मुख्य खाद्यान्न वाली हो।यहाँका टोल वस्तीहरुमा कर्नेडाँडा, शिखर डाँडा, मालेखर्क, खाक्से, पोखरीछाप, बुढीलेक, मोचावारी, भोर्से, ढापडाँडा, भैसादी, सुखे पोखरा, मौलाथर, वासा, खल्लुक भन्ज्याङ, स्याफत, बाहुन डाँडा, थुमवास, देउराली पर्दछन्।

**वडा नं. ६ हेक्लाङ्:**

यो वडा विशेष गरी अदुवा पिडालु हुने क्षेत्रको नामबाट हेक्लाङ् रहन गएको मानिन्छ।यो वडा पूर्वखोला गाउँपालिकामा सबैभन्दा उद्यमी, पौरखी, ब्यवासायीक रुपमा चिनिन्छ।यहाँ व्यवसायिक तरकारी, टिमुर, बाख्रा, बङ्गुर, कुखुरापालन व्यवसाय विशिष्ट रुपमा परिचालित छन्।अरुको लागि पनि यो उत्प्रेरक वडा हो।यहाँका टोल वस्तीहरुमा चेवुङ्ग, झेमराङ्ग, लाकुरी, सालवास, खुमडाँडा, पनेर्दी, पोखराथोक, खोरेदी, भन्ज्याङ्थोक, लमपाल आदि पर्दछन्।

यसरी सिङ्गो पूर्वखोला गाउँपालिका विभिन्न विकास गतिविधि संगै आगाडि बढिरहेको छ।

**२. पूर्वखोला गाउँपालिकाको काम, कर्तव्य र अधिकार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ बमोजिम यस गाउँपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

- नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा प्रहरी सम्बन्धी नीती, कानुन र मापदण्डको निर्माण तथा कार्यान्वयन गर्ने

- सहकारी संस्था सम्बन्धी स्थानीय नीती, कानुन, मापदण्डको निर्माण, कार्यान्वयन, नियमन, दर्ता, अनुमती, खारेजी, विघटन, संघ, प्रदेश सँग समन्वय, तथ्याङ्क ववस्थापन र क्षमता अभिवृद्धि गर्ने,
- एफ.एम. सञ्चालन अनुमति, नविकरण, नियमन, र खारेजी गर्ने
- स्थानीय कर, सेवा, शुल्क, तथा दस्तुर निर्धारण, संकलन, व्यवस्थापन, सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन तथा नियमन गर्ने
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा सर्त, योजना, कार्यावयन र नियमन, जनशक्ति व्यवस्थापन र वृत्तिविकास गर्ने,
- स्थानीय तथ्यांक र अभिलेख संकलन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने
- स्थानीयस्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन गर्ने,
- आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने,
- आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने,
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने,
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन गर्ने,
- गाउँसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी नीति कानुन र कार्यविधि, रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति, सभाका समितिहरु गठन तथा सञ्चालन गर्ने,
- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, अनुगमन र नियमन गर्ने,
- स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी, दाखिला खारेज, भूमि वर्गीकरण अनुसारको लगत, समन्वय सहजीकरण तथा जग्गाधनी दर्ता k|माणपुर्जा वितरण सम्बन्धी कार्य गर्ने,
- ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन गर्ने,
- वेरोजगारको तथ्यांक संकलन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण गर्ने,
- खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक उर्जा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने,
- विपद व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन गर्ने,
- जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी नीति, कानुन, मापदण्ड,
- योजना, कार्यान्वयन र नियमन गर्ने,
- भाषा, संस्कृति र ललितकलाको संरक्षण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन

र नियमन गर्ने,

## ३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण**:-

| क्र.सं. | कर्मचारीको नाम | पद/तह | शाखा | मोबाईल नं. |
|---|---|---|---|---|
| १ | राजु नेपाल | प्रमुख प्रशासकीय अधिकृत | | 9857068575 |
| २ | बिनोद नेपाल | प्रशासकीय अधिकृत सातौं | योजना शाखा | 9857065379 |
| ३ | मोहन ढकाल | स्वास्थ्य अधिकृत | स्वास्थ्य शाखा | 9857060629 |

| | | | | |
|---|---|---|---|---|
| | | सातौं | | |
| ४ | सुमन भट्टराई | लेखा अधिकृत सातौं | आर्थिक प्रसासन शाखा | 9847177620 |
| ५ | लोक हरी देवकोटा | शिक्षा सयोंोजक | शिक्षा युवा तथा खेलकुद शाखा | 9847168420 |
| ६ | सूचना ज्ञवाली | सूचना प्रविधि अधिकृत (सातौं) | सूचना प्रविधि शाखा | 9847258457 |
| ७ | ममता राना | जन स्वास्थ्य अधिकृत | स्वास्थ्य शाखा | 9867541948 |
| ८ | गोमा पाण्डेय | सहायक प्रशासकीय अधिकृत (छैंटौं) | प्रसासन शाखा | 9847181143 |
| ९ | दिपक कवर | सहायक लेखा अधिकृत (छैंटौं) | आर्थिक प्रसासन शाखा | 9866634431 |
| १० | शर्मिला चौधरी | सहायक कम्प्युटर अधिकृत (छैंटौं) | योजना शाखा | 9866744279 |
| ११ | चन्द्रा चलाउने | स्टाफ नर्स (पाँचौं) | स्वास्थ्य शाखा | 98666101619 |
| १२ | सावित्री साँउद | हे.अ (पाँचौं) | स्वास्थ्य शाखा | 9741706294 |
| १३ | देव बहादुर जर्घा | शिक्षा सहायक | शिक्षा, युवा तथा खेलकुद शाखा | 9849486961 |
| १४ | विष्णु बहादुर सारु | खेल प्रशिक्षक (पाँचौं) | शिक्षा, युवा तथा खेलकुद शाखा | 9847067826 |
| १५ | लक्ष्मण न्यौपाने | ईन्जिनियर (छैंटौं) | पूर्वाधार विकास तथा प्राविधिक शाखा | 9869003206 |
| १६ | देवेन्द्र थापा | सब-ईन्जिनियर (पाँचौं) | पूर्वाधार विकास तथा प्राविधिक शाखा | 9847043215 |
| १७ | झविन कुमार पल्ली मगर | सब-ईन्जिनियर (पाँचौं) | पूर्वाधार विकास तथा प्राविधिक शाखा | 9847232754 |
| १८ | अमन चौधरी | अमिन (चौथो) | नापी नक्सा शाखा | 9848533074 |
| २० | मन बहादुर सारु | सहायक कम्प्युटर अपरेटर (चौथो) | जिन्सी शाखा | 9857060207 |
| २१ | देव बहादुर ढेंगा मगर | बाल कल्याण अधिकारी (पाँचौं) | शिक्षा शाखा | 9847076761 |
| २२ | भुपेन्द्र गाहा | रोजगार सयोंजक (छैंटौं) | प्रधान मन्त्री रोजगार कार्यक्रम | 9844778280 |
| २३ | दुर्गा बहादुर घर्ति | प्राविधिक सहायक (पाँचौं) | प्रधान मन्त्री रोजगार कार्यक्रम | 9857065191 |
| २४ | झविर राज | रोजगार सहायक (पाँचौं) | प्रधान मन्त्री रोजगार कार्यक्रम | 9867513895 |

| | | | | |
|---|---|---|---|---|
| २५ | शेर बहादुर थापा | एम.आई.एस. अपरेटर (पाँचौं) | सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा | 9869425066 |
| २६ | धिरेन्द्र ठकुरी | फिल्ड सहायक (चौथो) | सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा | 9843896917 |
| २७ | चाँदनी चौधरी | प्राविधिक सहायक (पाँचौं) | कृषि शाखा | 9862703152 |
| २८ | धन बहादुर दर्लामी | ना.प्रा.स. (चौथो) | पशु शाखा (गाउँपालिका, वडा नं. ३ र ४) | 9844756684 |
| २९ | थान बहादुर चिदी | वरिष्ठ नगर प्रहरी | वरिष्ठ नगर प्रहरी | 9867213151 |
| ३० | पुजन मश्रागीं | नगर प्रहरी | नगर प्रहरी | 9762532997 |
| ३१ | सुनिल कामु मगर | नगर प्रहरी | नगर प्रहरी | 9848553927 |
| ३२ | नमराज न्यौपाने | वडा सचिव (सहायक पाँचौं) | वडा नं. १ वडा कार्यालय, सिलुवा | 9844782283 |
| ३३ | सिर बहादुर बुढा | नायव प्राविधिक सहायक, कृषि (चौथो) | गाउँकार्यपालिकाको कार्यालय | 9849354782 |
| ३४ | सत्य विष्ट | ना.प्रा.स. कृषि | वडा नं १ | 9865133195 |
| ३५ | मिलन आले | सब-ईन्जिनियर (पाँचौं) | वडा नं. ६ वडा कार्यालय, वीरकोट | 9846723911 |
| ३६ | हरि प्र. उपाध्याय सिग्देल | नायव प्राविधिक सहायक पशु सेवा (चौथो) | वडा नं. १ वडा कार्यालय, सिलुवा | 9857065166 |
| ३७ | अमर बहादुर आले | कार्यालय सहयोगी | वडा नं. १ वडा कार्यालय, सिलुवा | 9857068051 |
| ३८ | प्रेम कुमारी श्रेष्ठ | कार्यालय सहयोगी | वडा नं. १ वडा कार्यालय, सिलुवा | 9867035564 |
| ३९ | धन बहादुर ओली | ना.प्रा.स. कृषि (चौथो) | वडा नं. २ वडा कार्यालय, जल्पा | 9869940507 |
| ४० | हुम बहादुर झेडी | नायव पशु सेवा प्राविधिक (चौथो) | वडा नं. २ वडा कार्यालय, जल्पा | 9847176817 |
| ४१ | कमला देवी घर्ती मगर | कार्यालय सहयोगी | वडा नं. २ वडा कार्यालय, जल्पा | 9847446261 |
| ४२ | दिलमाया झेडी | कार्यालय सहयोगी | वडा नं. २ वडा कार्यालय, जल्पा | 9863214520 |
| ४३ | राधिका खनाल पाण्डेय | वडा सचिव/महिला विकास निरीक्षक | वडा नं. ३ वडा कार्यालय रिङनेरह | 9847039813 |

| | | | | |
|---|---|---|---|---|
| ४४ | रिमिंसरा फाल | कार्यालय सहयोगी | वडा नं. ३ वडा कार्यालय रिडनेरह | 9861328647 |
| ४५ | तेजिसरा थापा | वडा सचिव/सहायक प्रशासकीय अधिकृत | वडा नं. ४ वडा कार्यालय देवीनगर | 9843619808 |
| ४६ | घनश्याम ठाडा | अ.स.ईन्जिनियर (चौथो) | वडा नं. ४ वडा कार्यालय देवीनगर | 9867133003 |
| ४७ | अमृता भट्टराई | ना.प्रा.स.कृषि (चौथो) | वडा नं. ४ वडा कार्यालय देवीनगर | 9867759545 |
| ४८ | कृष्ण कुमारी रायमाझी | पशू सेवा प्राविधिक (चौथो) | वडा नं. ४ वडा कार्यालय, देवीनगर | 9867929095 |
| ४९ | जानकी मश्राङ्गी | कार्यालय सहयोगी | वडा नं. ४ वडा कार्यालय, देवीनगर | 9864402561 |
| ५० | डिल्ली सरा थापा | कार्यालय सहयोगी | वडा नं. ४ वडा कार्यालय, देवीनगर | 9847387948 |
| ५१ | रुपेश न्यौपाने | असिस्टेन्ट सब-ईन्जिनियर (चौथो) | वडा नं. २ वडा कार्यालय, जग्गा | 9868932059 |
| ५२ | अनिल कुमार सारु | अ.सब.ईन्जिनियर (चौथो) | वडा नं. १ वडा कार्यालय, सिलुवा | 9847516003 |
| ५३ | रुमीसरा दिसुवा | कार्यालय सहयोगी | वडा नं. ५ वडा कार्यालय, बीरकोठ | 9847398196 |
| ५४ | राजकुमारी श्रेष्ठ | कार्यालय सहयोगी | वडा नं. ५ वडा कार्यालय, बीरकोठ | 9847580617 |
| ५५ | लेख कुमार सारु | वडा सचिव/सहायक चौथो | वडा नं. २ वडा कार्यालय, जल्पा | 9847516042 |
| ५६ | अम्रेश यादव | सब-ईन्जिनियर (पाँचौं) | वडा नं. ६ वडा कार्यालय, हेक्लाङ | 9744209495 |
| ५७ | शुशिला पाण्डे | ना.प्रा.स.पशु (चौथो) | वडा नं. ६ वडा कार्यालय, हेक्लाङ | 9842323345 |
| ५८ | रम्भा सरा घर्ती | कार्यालय सहयोगी | वडा नं. ६ वडा कार्यालय, हेक्लाङ | 9842854200 |
| ५९ | शान्ति काम्मु | मनोसामाजिक परामर्शकर्ता (पाँचौं) | गाउँ कार्यपालिकाको कार्यालय,(कार्यक्रम SaMi) | 9847102178 |
| ६० | खुम बहादुर वि.क. | हलुका सवारी चालक | गाउँ कार्यपालिकाको कार्यालय | 9847172933 |
| ६१ | कुमार दिसुवा | हलुका सवारी चालक | गाउँ कार्यपालिकाको कार्यालय | 9867179464 |

| | | | | |
|---|---|---|---|---|
| ६२ | टेमन सिं झापुर्लुक | कार्यालय सहयोगी | गाउँ कार्यपालिकाको कार्यालय | 9847347715 |
| ६३ | पानु देवी ठाडा | कार्यालय सहयोगी | गाउँ कार्यपालिकाको कार्यालय | 9861652955 |
| ६४ | शान्ति आचार्य | कार्यालय सहयोगी | गाउँ कार्यपालिकाको कार्यालय | 9847180422 |
| ६५ | सिता बस्याल | कार्यालय सहयोगी | गाउँ कार्यपालिकाको कार्यालय | 9867328351 |

**स्वास्थ्य तर्फको कर्मचारी**

| क्र.स | नाम थर | पद/तह | मोबाइल न. |
|---|---|---|---|
| वडा नं. १ सिलुवा स्वास्थ्य चौकी र सिलुवा सामुदायिक स्वास्थ्य ईकाईमा कार्यरत कर्मचारीहरुको विवरण | | | |
| १ | रुपेश कुमार मण्डल | हे.अ. | ९८१६२२७९५३ |
| २ | साबित्री आले | सि.अ.न.मी. | ९८४७३३३८१७ |
| ३ | मौसम राई | सि.अ.हे.व. | ९८६७९३३२७४ |
| ४ | संजय चौधरी | अ.हे.व. | ९८०३२२९४३४ |
| ५ | तारामाया दर्लामी | अ.न.मी. | ९८४३९९३९७६ |
| ६ | पशुपति चिदी | अ.न.मी. | ९८४७३०८४६६ |
| ७ | सबिना काम्मु | ल्या.अ. | ९८६७३४७८६१ |
| ८ | शान्ति श्रेष्ठ | का.स. | ९८६७३१८०८५ |
| ९ | रिमा खाम्चा | अ.हे.व. | ९८६७२२५०८३ |
| १० | मनकला सारु | अ.न.मी. | ९८४८३२३२५० |
| ११ | कृष्णा भारती | का.स. | ९८४८७३२३३५ |
| वडा नं. २ जल्पा स्वास्थ्य चौकी र जल्पा सामुदायिक स्वास्थ्य ईकाईमा कार्यरत कर्मचारीहरुको विवरण | | | |
| १ | पदम बहादुर थापा दर्लामी | सि.अ.हे.व | ९८४७१०२०३१ |
| २ | माया देवी सारु | अ.न.मी | ९८४७४४६०७८ |
| ३ | विशेषता सुनार बटाला | अ.न.मी | ९७४६४६४६९० |
| ४ | राहुल कुमार साह | अ.हे.व. | ९७४५८३५९२६ |

| | | | |
|---|---|---|---|
| ५ | बालकृष्ण देवकोटा | ल्या. अ | ९८४४७९३७६३ |
| ६ | केशरी सरा सारु | अ.हे.व | ९८४७३०८४३६ |
| ७ | शिला कुमाल | अ.न.मी | ९८६७३४१७६३ |
| ८ | जोसना राना | अ.हे.व | ९८६७९२४४५३ |
| ९ | सरिता बुढामगर | अ.न.मी | ९८४०१९३६८६ |
| १० | खिनी सरा घर्ति | का. स | ९८६७५५०४५१ |
| वडा नं. ३ रिग्नेरह स्वास्थ्य चौकी र रिङ्गनेरह सामुदायिक स्वास्थ्य ईकाईमा कार्यरत कर्मचारीहरुको विवरण | | | |
| १ | श्रीराज आचार्य | स्वास्थ्य अधिकृत सातौं | ९८५७०६०६१४ |
| २ | रञ्जिता शर्मा | सि.अ.न.मी | ९८४७१७३१०९ |
| ३ | सुकमाया सुनारी | सि.अ.हे.व | ९८६१८६८५८७ |
| ४ | बिक्रम ब. धामी | अ.हे.व | ९८६५६०९११४ |
| ५ | शर्मिला वि.क | अ.न.मी | ९८६७०१७१४८ |
| ६ | मनिषा चिदी | ल्या. अ | ९८६७५४६४७७ |
| ७ | अर्चना ढुंगाना | अ.हे.व | ९८६५४६२८७६ |
| ८ | मनिषा राना | अ.न.मी | ९८६७२९३७७८ |
| ९ | ज्ञान कु. खनाल | का.स | ९८६७९२९७३२ |
| १० | भविसेरा थापा | का.स. | ९८६७०१९१५६ |
| वडा नं. ४ देवीनगर स्वास्थ्य चौकीमा कार्यकरत कर्मचारीहरुको विवरण | | | |
| १ | शान्ता बसेल | सि.अ.हे.व | ९८६१६८१७२० |
| २ | गितुमाया कुँवर | सि.अ.न.मी | ९८४११७३२४२ |
| ३ | अस्मिता सिंजली | ल्या. अ | ९८६६६२३७३८ |
| ४ | श्याम कुमार साह | अ.हे.व | ९७४६६९५९०० |
| ५ | सदभामा यादव | अ.न.मी | ९८४४०७८३२० |
| ६ | यम कुमारी सुबेदी | का.स | ९८६७८३४२४० |
| वडा नं. ५ विरकोट स्वास्थ्य चौकी र विरकोट सामुदायिक स्वास्थ्य इकाईमा कार्यकरत कर्मचारीहरुको विवरण | | | |
| १ | प्रिया कुमारी साह | हे.अ. | ९७६५२६९००५ |

| | | | |
|---|---|---|---|
| २ | लक्ष्मी थापा | सि.अ.न.मी. | ९८६७०३५८२४ |
| ३ | प्रतिभा धर्ती काल्छुङ्ग मगर | सि.अ.न.मी. | ९८४७८२९२५६ |
| ४ | निर्जला कुमारी राउत | अ.हे.व | ९८२४८००११० |
| ५ | सुकमाया थापा | अ.हे.व | ९८५७०६८०७८ |
| ६ | सबिना न्यौपाने | अ.न.मी | ९८६७३४१९९५ |
| ७ | सबिता पक्राई | ल्या.व. | ९८४७१७२२२४ |
| ८ | जैसरा पल्लो | अ.हे.व | ९८४७१७२८१८ |
| ९ | आरती थापा | अ.न.मी. | ९८४०४७६०८७ |
| १० | अनिता सारु | का.स. | ९८१६४९५३५७ |
| वडा नं. ६ हेक्लाङ्ग स्वास्थ्य चौकीमा कार्यकरत कर्मचारीहरुको विवरण | | | |
| १ | जय प्रकाश साह | हे.अ. | ९८६४५०९२१२ |
| २ | पुष्पा राना | सि.अ.न.मी. | ९८६७५०१९५८ |
| ३ | रत्ना फाल | सि.अ.हे.व | ९८४४७०६०९३ |
| ४ | सर्जन बि.क. | अ.हे.व | ९८६३९४२२६३ |
| ५ | दिपा हिस्की थापा | अ.हे.व | ९८६७१२३२०८ |
| ६ | नरिस्ता मन्दिर | अ.न.मी. | ९८१५४५४०५० |
| ७ | मनु घर्ती | का.स. | ९८६९४५३८९० |

## क. प्रशासन, योजना तथा अनुगमन शाखा

- गाउँपालिकाको संगठन विकास, संगठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र वृत्ति विकास गर्ने,
- मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा,
- गाउँपालिकाको लागि सार्वजनिक खरिद तथा अन्य बन्दोवस्तीको सामान व्यवस्थापन
- कार्यपालिका तथा सभाको बैठक व्यवस्थापन, निर्णयहरुको विद्युतीय माध्यमबाट अभिलेखिकरण तथा प्रकाशन एवं सुरक्षण
- स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन
- विकास आयोजना तथा परियोजना सम्बन्धी नीति कानून, मापदण्ड, योजना र नियमन
- आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरुको तर्जुमा, कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन
- विकास निर्माण प्रकृयामा स्थानीय जनसहभागिता अभिवृद्धिका कार्यहरु तर्जुमा र कार्यान्वयन

- विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समिक्षा सम्बन्धी
- तथ्याङ्क संकलन, व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- स्थानीय तथ्याङ्क संकलन, प्रशोधन, अभिलेखिकरण तथा वितरण।

## ख. स्वास्थ्य तथा सामाजिक विकास

- आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धी नीति कानून मापदण्ड, योजनाको निर्माण कार्यान्वयन तथा नियमन
- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन
- जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण, योजना र कार्यान्वयन
- महिला, वालवालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- निजी तथा गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्य
- सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति कानून, मापदण्ड नियमन र अनुसन्धान सम्बन्धी कार्य
- आधुनिक प्रविधि मार्फत व्यक्तिगत घटना दर्ता
- भाषा, संस्कृति, जात्रा पर्व र ललितकलाको संरक्षण, k|वद्र्धन र विकास
- गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन

## ग. कानून शाखा

- न्यायिक समितिको सचिवालय सम्बन्धी कार्य
- न्यायिक निर्णय तथा फैसला कार्यान्वयन
- कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति नियम तथा कानूनको मस्यौदामा संयोजन र समन्वय सम्बन्धी कार्य
- नीति, कानूनको प्रकाशित प्रतिको संरक्षण, प्रकाशन र अभिलेख
- मानव अधिकारको संरक्षण तथा प्रर्वधन

## घ. शिक्षा, युवा तथा खेलकुद शाखा

- प्रारम्भिक वाल शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा गुरुकुल, मदरसा,गुम्बा) निरन्तर सिकाई तथा विशष शिक्षा सम्बन्धी नीति कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
- स्थानीय पुस्तकालय, वाचनालय तथा सामूदायीक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन
- खेलकूदको विकास र प्रर्वद्धन सम्बन्धी कार्य

## ङ. आर्थिक प्रशासन शाखा

- राजश्व सम्बन्धी नीति, कानुन तर्जुमा, कार्यान्वयन र नियमन सम्बन्धी कार्य,
- सार्वजनिक खर्च तथा प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानुन, मापदण्ड तथा नियमन र सो को संकलन तथा वाँडफाड
- कानून बमोजिम ढुगां, गिटी, वालुवा, माटो, नुन, स्लेट जस्ता खानी खनिज पदार्थको सर्वेक्षण, अन्वेषण उत्खनन र सो सम्बन्धी रोयल्टी संकलन
- राजश्वको सम्भाव्यता अध्ययन
- सञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन
- लेखा व्यवस्थापन, खर्च, राजश्व, धरौटी, कार्य सञ्चालन कोष तथा अन्य सरकारी कोष तथा सम्पतिको एकिकृत विवरण
- राजश्व र व्ययको अनुमान

## च. आर्थिक विकास शाखा

- कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन
- पशुपालन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- पशुपन्छी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन
- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन स्थानीय सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन
- लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन
- लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवद्धन
- खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,
- ढुङ्गा, गिटी, बालुवा, माटो, नुन, स्लेट, खरीढुङ्गा, फायरक्लेजस्ता खानीजन्य वस्तु सर्वेक्षण, अन्वेषण, उत्खनन्।

# ४. पूर्वखोला गाउँपालिकाको कार्यालयबाट प्रदान गरिने सेवा

### पूर्वखोला गाउँपालिकाको नागरिक वडापत्र

| सेवाको किसिम | सेवा प्राप्त गर्न उपलब्ध गराउनु पर्ने कागज प्रमाण एवं प्रक्रिया | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र समय | | जिम्मेवार निकायः सम्पर्क अधिकारी वा शाखा |
|---|---|---|---|---|
| | | दस्तुर | समय | |

| क).दर्ता, नवीकरण, स्वीकृति | | | | |
|---|---|---|---|---|
| २ विद्यालयको कक्षा थप गर्न अनुमति | १. विद्यालयको कक्षा/तह अपगो्रड अनुमति निवेदन पत्र<br>२. सम्बन्धित वडा कार्यालयको सिफारिस<br>३) व्यवस्थापन समितिको निर्णय प्रतिलिपि<br>४) चालु आ.व. सम्मको कर चुक्ता गरेको रसीद<br>५) तल्लो कक्षाको अनुमति पत्रको प्रतिलिपि<br>६) स्थलगत अनुगमन प्रतिवेदन | मा.वि. तहको हकमा रु १५००। आधारभूत तहको हकमा रु १०००। | माघ मसान्त भित्र निवेदन चैत्र मसान्त भित्र अनुमति दिने | शिक्षा समितिको सिफारिसमा शिक्षा शाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृत |
| ३. ट्युसन कोचिङ्ग जस्ता अध्यापन सेवाको अनुमति | १) निवेदन सहित सञ्चालन गर्ने निकायको प्रस्तावनापत्र<br>२) सम्बन्धित वडा कार्यालयको सिफारिस<br>३) गाउँ"पालिकाले तोकेको बैकमा ५० हजार रुपैया धरौटी जम्मा गरेको प्रमाण<br>४) बहालमा भए कम्तिमा ५ वर्षको बहाल सम्झौता गरेको प्रमाण<br>५) अध्यापन गर्ने जनशक्तिको शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि सहित पुर्ण विवरण<br>६) स्थलगत अनुगमन समितिको सिफारिस | रु.२०००। | ७ दिन भित्र | शिक्षा शाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृत |
| ४. संस्था नवीकरण,नामसारीको सिफारिस | १. सम्बन्धित व्यक्ति/संस्थाको निवेदन।<br>२. वडा कार्यालयको सिफारिस<br>३. संस्था अन्यत्र दर्ता भई सकेको भए प्रमाण पत्र प्रतिलिपि<br>५. संस्था रहेको भवनको सम्पती कर तिरेको रसिदको प्रतिलिपि, भाडामा लिएको भए सम्झौता पत्र।<br>६. साधारण सभाको निर्णयको प्रतिलिपि<br>७. अघिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदन | रु.५००। र नामसारी रु.२५०। | सोही दिन | शाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृत, गापा उपाध्यक्ष |
| ५.कृषि तथा पशु फर्म दर्ता तथा नविकरण | १. सम्बन्धित व्यक्ति/संस्थाको निवेदन<br>२. वडा कार्यालयको सिफारिस<br>३. जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि<br>४. संधियारहरुको सहमती<br>५. दूई प्रति पासपोर्ट साइजको फोटो<br>६. शाखाले तोके बमोजिमका अन्य कागजातहरु | दर्ता रु.५००। नवीकरण रु.१५०। | प्राविधिकवाट स्थलगत अध्ययन गरी ७ दिन भित्र | वडाको सिफारिसमा सम्बन्धित शाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृत |
| ६ टोल विकास संस्था तथा अन्य | १. टोल विकास संस्थाको उद्देश्य सहितको विधान | दर्ता रु. ५०० | दर्ता ७ दिन | वडाको |

| | | | | |
|---|---|---|---|---|
| समुह दर्ता तथा नविकरण | २. टोल विकास संस्था, समुहको बैठक भेलाको निर्णय<br>३. कार्य समितिमा रहेका पदाधिकारीहरुको ना.प्र.प.<br>४. वडा कार्यालयको सिफारिस । | र नविकरण रु३००। | भित्र र नविकरण सोही दिन । | सिफारिसमा शाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृत |
| ७.नक्सा पास | १ गा.पा. कार्यालयले उपलब्ध गराएको फाराम,<br>२. जग्गाधनी दर्ता प्रमाण पूर्जाका प्रतिलिपि ,<br>३. ना.प्र.प.को प्रतिलिपि र फोटो ४ प्रति ,<br>४. नापी शाखाबाट प्रमाणित (ब्लु प्रिन्ट/ट्रेस)<br>५. ईन्जिनियरीङ्ग काउन्सीलमा दर्ता भएको ईन्जिनियरहरुले बनाएको राष्ट्रिय भवन निर्माण आचारसंहिता २०७२ अनुसार भवनको नक्सा<br>६. ईन्जिनियरको काउन्सील दर्ता प्रमाण पत्र<br>७. नियमानुसार कर तिरेको रसिद<br>८ साँध सधियारको मन्जुरी ,<br>९गाउँपालिकाले थप कागजात माग गर्न सक्ने । | रु.५००। | नक्सा पासको कार्य प्रारम्भ भए पछी १६ दिन देखि ३० दिन भित्र | शाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृत |
| ८.घर निर्माण पुर्ण/आंशिक सम्पन्न प्रमाण पत्र | १. गा.पा. कार्यालयले उपलब्ध गराएको निवेदन,<br>२. नक्सा पासको सक्कल र प्रतिलिपि<br>३. पूर्जाको प्रतिलिपि, ना.प्र.प्रतिलिपि र फोटो २ प्रति<br>४. सम्पती कर तिरेको रसीद<br>५. चारै दिशावाट प्रस्ट देखिने घरको १/१ प्रति फोटो<br>६. प्राविधिकको स्थलगत निरीक्षण प्रतिबेदन | पक्की रु.५००।<br>कच्ची रु.२००। | प्राविधिकको स्थलगत निरीक्षण पश्चात १ दिन | पूर्वाधार शाखा नक्सापास उपशाखा),प्रमुख प्रशासकीय अधिकृत |
| ९.घ वर्गको -निर्माण कार्य अनुमति पत्र) जारी,नविकरण तथा खारेजी | १.व्यक्ति वा संस्थाको निवेदन<br>२.पासपोर्ट साइजको २ प्रति फोटो<br>३ समिति(जाँचबुझ)ले अनुगमन गरि तोकिएका इक्वीपमेन्टहरु भएको भनि सिफारिस गरेपछि<br>४.स्थायी लेखा नम्बर तथा घरेलुमा दर्ता भएको प्रमाण<br>५.कम्तीमा आइ. ए. वा सो सरह उर्त्तीण गरेका प्रशासन र लेखा हेर्ने दुई जना कर्मचारी तथा सिभिल ई. विषयमा | दर्ता रु.२५०००। र नविकरण रु.३०००। | वढीमा १५ दिन | पूर्वाधार शाखा, राजश्व शाखा, गाउँकार्यपालिका प्रमुख प्रशासकीय अधिकृत, |

| | | | | |
|---|---|---|---|---|
| | कम्तिमा प्रमाणपत्र तह उत्तिर्ण प्राविधिक १ जना लाई नियुक्ति दिई काममा लगाउने प्रत्र ।<br>६. अन्य कागजात गाउँपालिकाले तोके बमोजिम हुनेछ । | | | |
| १०. सहकारी संस्थाहरुको दर्ता, लेखा परीक्षण अनुमति, ,खारेजी र विघटन । | १ सहकारीको दर्ताको लागि संस्थाको प्रस्तावित विनियम सहितको निवेदन ।<br>२ सम्भाव्यता अध्ययन प्रतिवेदन<br>३ सहकारी नविकरणको लागि :लेखापरीक्षणको प्रतिवेदन तथा साधारण सभाको निर्णयको प्रतिलिपी<br>४ खारेजी र विघटन नियमानुसार हुने छ । | दर्ताको लागि रु.१०००। लेखापरीक्षण अनुमतिका लागि शुल्क नलाग्ने । | दर्ताका लागि नियमानुसार, लेखापरीक्षणको अनुमती ३ दिन भित्र | शाखा प्रमुख,प्रमुख प्रशासकीय अधिकृत |
| ११.विविध सिफारिसहरु(वडा कार्यालयवाट सम्पादन हुने कार्य वाहेकका सिफारिस तथा प्रमाणित गर्ने कार्य | | रु.२००। | ३ दिन भित्र | सम्बन्धित शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा गाउँपालिकाको उपाध्यक्ष तथा अध्यक्ष |
| ख) कर शुल्क | | | | |
| १.सम्पत्ति कर ( जग्गा तथा संरचना) को नयाँ दर्ता तथा संशोधन(खरीद विक्री भएमा) | १ जग्गाधनी प्रमाणपत्र वा प्रतिलिपि<br>२. पछिल्लो पटक कर तिरेको रसिद<br>३ जग्गा/घरधनी स्वंयले गाउ‘‘पालिका तथा वडाबाट उपलब्ध हुने फारम भरी पेश गर्नु पर्ने । | गा.पा.को आर्थिक ऐन तथा व्यक्तिको स्व मूल्यांकनले ठहरे बमोजिम | ५ दिन भित्र | राजश्व शाखा, प्रमुख प्रशासकीय अधिकृत |
| २ घर वहाल कर | १.व्यक्ति वा संस्थाले घरधनी संग गरिएको सम्झौता पत्र । | गा.पा.को आर्थिक ऐन बमोजिम सम्झौता रकमको १० प्रतिशत | सोही दिन | राजश्व शाखा, प्रमुख प्रशासकीय अधिकृत |
| ग) योजना संझौता तथा भुक्तानी | | | | |
| १.गाउ पालिकास्तरीय आयोजना सम्झौता तथा बैंक खाता | १. आयोजना तथा संझौता फाराम<br>२. आम भेला वा गाउ‘‘कार्यापालिकाले उपभोक्ता समिति वा निर्माण समिति गठन गरेको निर्णयको प्रतिलिपि ।<br>३ तीनलाख भन्दा माथीका योजनाको | निःशुल्क | १ दिन | प्राविधिक शाखा, प्रमुख प्रशासकीय अधिकृत,गा.पा. अध्यक्ष |

| | | | | |
|---|---|---|---|---|
| खोल्ने | हकमा सूचना पार्टी(HodingBoard)राख्ने कवुलियतनामा<br>४.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र<br>५.खाता खोल्ने प्रयोजनका लागि उपभोक्ता/ निर्माण समितिका पदाधिकारीको नागरिताको प्रतिलिपी<br>५. प्राबिधिक लागत अनुमान (ला.ई)<br>६. बैंक खाता खोल्न ३/३ प्रति फोटो, उपभोक्ता/निर्माण समितिको निर्णय ।<br>७. गाउँपालिकाले तोकेका अन्य आवश्यक कागजातहरु | | | |
| २ आयोजना किस्ता भुक्तानी र फरफारक | १. किस्ता भुक्तानी/फरफारक निवेदन र वील भरपाई<br>२ सम्बन्धित वडामा मात्र संचालित वडा समितिको सिफारिस तथा प्राविधिक प्रतिवेदन<br>३. योजना सम्पन्न भएको उपभोक्ता/ निर्माण समितिको निर्णय प्रतिलिपि तथा फोटोहरु<br>६. अनुगमन समितिको निर्णय/निरीक्षण प्रतिवेदन<br>७. वडा सचिव/वडा अध्यक्ष/पालिकाको प्रतिनिधीको रोहवरमा गरिएको सार्वजनिक परीक्षणको निर्णय प्रतिलिपि<br>८.खर्च सार्वजनिक सूचना फाराम<br>९ भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन.<br>१०. गाउ“पालिकाले तोकेका अन्य आवश्यक कागजातहरु | नि: शूल्क | विल भरपाई रुजु गरी आवश्यकतानुसार अनुगमन समेत गरी बढीमा ७ दिन भित्र | प्राविधिक शाखा, लेखा शाखा, गा.पा. उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत |
| **३ लक्षित कार्यक्रमको हकमा** | क) कार्यक्रमको खाका सहितको प्रश्तावना पेश गरी प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नुपर्ने ।<br>ख)काम सम्पन्न भए पछि खर्च सार्वजनिक,बिल भरपाई र प्रगति प्रतिवेदन तथा वडामा कार्यक्रम संचालन भएकोमा वडाको सिफारिस सहित भूक्तानीका लागि गाउ“पालिकामा पेश गर्नुपर्ने ।<br>ग) अन्य कागजात गाउ“पालिकाले तोकेका कागजातहरु | नि: शूल्क | विल भरपाई रुजु गरी आवश्यकतानुसार अनुगमन समेत गरी वढीमा ७ दिन भित्र | लक्षित कार्यक्रमको हकमा सामाजिक विकास शाखा ,उपाध्क्ष, प्रमुख प्रशासकीय अधिकृत |
| ४.विपत | १.व्यक्ति स्वयको निवेदन | नि:शूल्क | मापदण्डको | विपत |

| | | | | |
|---|---|---|---|---|
| व्यवस्थापन सहयोग( वाढी,पहिरो, आगलागी लगायतमा परी जनधनको क्षती भएमा) | २. आधिकारीक परिचय पत्रको प्रतिलिपि<br>३. वडा कार्यालयको सिफारिस<br>४.आवश्यकतानुसार सर्जमिन तथा प्रहरी मुचुल्का | | आधारमा गाउ“ विपत व्यवस्थापन समितिको निर्णयअनुसार | व्यवस्थापन उपशाखा, प्रमुख प्रशासकीय अधिकृत , गा.पा.का अध्यक्ष |
| **घ न्याय सम्पादन** | | | | |
| १. न्यायीक समिति उजुरी/निवेदन( आली धुरी,वाध पैनी,कूलो वा पानी घाट,परापूर्व देखि प्रयोग हुदै आएको बाटो,वस्तुभाउ चराउने चौर, कूलो नहर,पोखरी, पाटी पौवा, उपयोग गर्न नदिएको वा वाधा पुऱ्याएको तथा मेल मिलापको माध्यमवाट मात्र विवाद निरुपण हुने ११ प्रकारका विवादहरु | १ रितपूर्वक तयार गरेको (तीन पुस्ते विवरण, ठेगाना र सम्पर्क माध्यम खुलेको) निवेदन<br>२ सम्बन्धित वडाको सिफारिस पत्र<br>३ हदम्याद तोकिएको विषयमा सोही बमोजिम र नतोकिएकोमा ३५ पैतिस) दिनभित्र<br>४. आवश्यक अन्य सम्वद्ध कागजातहरु | गाउँपालिकाको न्यायिक निरुपण तथा मेलमिलाप ऐन २०७५ले तोकेको दस्तुर | मेलमिलापः तीन महिना भित्र | कानूनी मामिला इकाइ ,संयोजक,न्यायीक समिति वा समितिले तोकेको मेलमिलाप कर्ता/केन्द। |

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:-**

| क्र.सं. | शाखा | पद | जिम्मेवार अधिकारी |
|---|---|---|---|
| १. | प्रशासन तथा व्यवस्थापन | मनोसामाजिक परामर्श | श्री गोमा पाण्डेय |
| 2. | आर्थिक प्रशासन शाखा | अधिकृत छैठौं | श्री सुमन भट्टराई |
| 3. | योजना शाखा / प्रशासन शाखा | अधिकृत छैठौं | श्री विनोद नेपाल |
| ४ | पूर्वाधार शाखा | ईन्जिनियर | श्री लक्ष्मण न्यौपाने |
| 5. | खरिद शाखा | अधिकृत छैठौं | श्री विनोद नेपाल |
| 6. | शिक्षा ईकाइ | शिक्षा संयोजक | श्री लोकहरि देवकोटा |
| 7. | स्वास्थ्य ईकाइ | सी.अ.हे.व.छैठो | श्री मोहन ढकाल |

| | | | |
|---|---|---|---|
| 8. | कृषि | ना.प्रा.स. | श्री चाँदनी चौधरी |
| 9. | पशु सेवा | ना.प्रा.स. | श्री धन बहादुर दर्लामी |
| १०. | सुचना प्रविधि/सुचना शाखा | सु.प्र.अ. | श्री सूचना ज्ञवाली |
| ११ | पञ्जिकरण ईकाइ | एम.आई.एस. फिल्ड सहायक | श्री शेर बहादुर थापा |
| १२ | राष्ट्रिय रोजगार कार्यक्रम | रोजगार संयोजक | श्री भुपेन मगर |
| १३ | नापी नक्सा शाखा | सब इन्जिनियर | झविन कुमार पल्ली मगर |

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

माथि बुँदा न. ४ मा उल्लेख भएको नागरिक वडापत्र बमोजिम सेवा प्र|दान गर्न लाग्ने दस्तुर र अवधि हुनेछ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकार**

आन्तरिक प्रशासनिक र अन्य विषयको निर्णय सम्बन्धित शाखाबाट पेश हुने टिप्पणीमा प्रमुख प्रशासकीय अधिकृतको निर्णय हन्छ। पूर्वखोला गाउँपालिका गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम गाउँ कार्यपालिकाको बैठकमा प्रस्ताव पठाउनु पर्ने विषयमा यस कार्यालयको अनुरोधमा गाउँ कार्यपालिकाको बैठक तथा गाउँसभामा पेश भई निर्णय गरिने व्यवस्था रहेको छ। साथै गाउँपालिकाले सम्पादन गर्ने अन्य कार्यहरु स्थानीय सरकार सञ्चालन ऐन, निर्देशिका, कार्यविधि. परिपत्र सम्बन्धित कानुनमा तोकिए बमोजिम हने गर्दछ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

